# पाखीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# पाखीबास धनकुटा
## २०७३
## १ नं.प्रदेश नेपाल

## करारमा शिक्षक पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७७/१०/०१)

यस पाखीबास नगरपालिका अन्तरगतको नगरस्तरीय शिक्षक तथा कर्मचारी छनोट समितिको मिति: २०७७/०९/२९ को बैठकको निर्णय बमोजिम यस पाखीबास नगरपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा तपसिल बमोजिमको शिक्षक दरबन्दी रिक्त रहेको हुँदा सो रिक्त दरबन्दीमा खुला प्रतिस्पर्धाबाट करारमा शिक्षक नियुक्त गरी पदपूर्ति गर्नुपर्ने भएकाले यो विज्ञापन भएको मितिले १५ दिन ( २०७७/१०/१५) भित्र कार्यालय समयमा तपसिल बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**तपसिल:**

**१. रिक्त पद संख्या तथा आवश्यक शैक्षिक योग्यता सम्बन्धी विवरण:**

| क्र.स. | विज्ञापन नं. | तह | विषय | शैक्षिक योग्यता | दरबन्दीको प्रकार | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/२०७७/०७८ | प्रा.शि. तृतीय | - | कक्षा १२ वा सोसरह उत्तीर्ण | अस्थायी करार | ५ | |
| २ | ०२/२०७७/०७८ | प्रा.शि. तृतीय | - | कक्षा १२ वा सोसरह उत्तीर्ण | राहत | ३ | |
| ३ | ०३/२०७७/०७८ | नि.मा.शि. तृतीय | विज्ञान | सम्बन्धित विषयमा कक्षा १२ वा सोसरह उत्तीर्ण | अस्थायी करार | २ | |
| ४ | ०४/२०७७/०७८ | नि.मा.शि. तृतीय | नेपाली | सम्बन्धित विषयमा कक्षा १२ वा सोसरह उत्तीर्ण | राहत | १ | |
| ५ | ०५/२०७७/०७८ | मा.शि. तृतीय | अंग्रेजी | सम्बन्धित विषयमा स्नातक वा सोसरह उत्तीर्ण | अस्थायी करार | १ | |

**२. उमेर:** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

**३. दरखास्त दिने अन्तिम मिति:** यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन । (मिति २०७७/१०/१५ गते अपराह्न ४:०० बजेसम्म । सो दिन सार्वजानिक बिदा पर्न गएमा सो दिनपछि कार्यालय खुलेको दिन)

**४. दरखास्त दस्तुर:** प्रा.वि., नि.मा.वि.र मा.वि. तहका लागि क्रमश: रु ५००।- रु ८००।- रु १०००।- (प्रति विज्ञापन नं.)

**५. संलग्न गर्नुपर्ने कागजातहरु:** आवेदन, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अध्यापन अनुमतिपत्रको प्रतिलिपी १/१ प्रति र हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ प्रति ।

**६. सम्पर्क मिति:** २०७७/१०/१५ अपराह्न ४: ०० बजे पछि

**७. परीक्षाको किसिम:** लिखित, अन्तरवार्ता (आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा)

**८. परीक्षा मिति:** २०७७/१०/१६ गते

**९. परीक्षा केन्द्र:** पाखीबास नगरपालिकाको सभाहल

**१०. परीक्षा समय:** प्रा.वि. अस्थायी करार: बिहान ८:०० बजेदेखि,
प्रा.वि.राहत, नि.मा.वि.र मा.वि.दिनको १२:३० बजेदेखि

**११. करार अवधि:** नियुक्ति लिएको मितिले बढीमा १ वर्ष

**१२. सेवा सुविधा:** प्रचलित कानुन बमोजिम हुनेछ ।

**१३.** रित नपुगी वा म्याद नाघी आएका दरखास्त उपर कुनै कार्यवाही गरिने छैन । कुनै उम्मेदवारले झुट्टा विवरण (कागजात) पेश गरेको भनी परीक्षा भन्दा अगावै वा परीक्षा पछि जानकारी हुन आएमा त्यस्तो उम्मेदवारको परीक्षा वा नियुक्ति रद्द गरी कानुन बमोजिम कारबाही गरिने छ ।

**नोट :** शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम बमोजिम परीक्षा सञ्चालन हुने छ ।

थप जानकारीका लागि कार्यालयको फोन नं. ०२६४०५१६१
मोबाइल नं. ९८४२९५११५४, ९८६७९९४४४२

**छिकबहादुर राई**
**प्रमुख प्रशासकीय अधिकृत**
**(उपसचिव)**